# नेपाल सरकार
# विज्ञापन बोर्ड

## बाह्य विज्ञापन (होर्डिङ्ग बोर्ड) को अनुमति तथा राजश्व संकलन सम्बन्धी

## अत्यन्त जरुरी सूचना

बाह्य विज्ञापन (होर्डिङ्ग बोर्ड) को अनुमति तथा राजश्व संकलन सम्बन्धमा स्थानीय तह तथा विज्ञापन व्यवसायीहरुमा अन्यौलता देखिएको, कतिपय स्थानीय तहले संकलन गर्नु पर्ने राजश्व समेत ठेकेदारमार्फत संकलन गर्ने गरेका र कतिपय स्थानमा ठेकेदारबाट होर्डिङ्ग बोर्ड च्यात्ने कार्य भएको भनि यस बोर्डमा पटक-पटक गुनासो आउने गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा ४ मा होर्डिङ्ग बोर्डबाट विज्ञापन गर्न देहाय बमोजिम अनुमति लिनु पर्ने व्यवस्था रहेको छ ।

<u>देहाय</u> :-

उपदफा (१) मा सार्वजनिक स्थलबाट देखिने गरी होर्डिङ्ग बोर्ड राख्न र त्यसमा विज्ञापन गर्न चाहने व्यक्तिले सम्बन्धित स्थानीय तहबाट अनुमतिपत्र लिनु पर्ने,

उपदफा (३) मा उपदफा (१) बमोजिम होर्डिङ्ग बोर्डबाट विज्ञापन गर्न चाहने व्यक्तिले अनुमतिपत्रको लागि सम्बन्धित स्थानीय तहको कार्यालयमा निवेदन दिनु पर्ने,

उपदफा (४) मा उपदफा (३) बमोजिम प्राप्त निवेदन उपर आवश्यक जाँचबुझ गरी स्थानीय तहको कार्यालयले यस ऐन तथा प्रचलित कानून बमोजिम होर्डिङ्ग बोर्डबाट विज्ञापन गर्ने अनुमतिपत्र दिन मनासिव देखेमा अनुमतिपत्र दिने र अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले अनुमतिपत्रमा उल्लेखित अवधि समाप्त भएपछि त्यस्तो होर्डिङ्ग बोर्ड हटाउनु पर्ने,

उपदफा (५) मा होर्डिङ्ग बोर्डबाट विज्ञापन गर्न अनुमति दिन नसकिने अवस्थाका बारेमा उल्लेख गरिएको छ ।

विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ को नियम ९(क)१ मा "स्थानीय तहले होर्डिङ बोर्ड, सवारी साधनलगायत अन्य माध्यमबाट विज्ञापन गर्न बोर्डले निर्धारण गरेको विधि तथा आकार, प्रकार र मापदण्डबमोजिम स्थानीय कानूनबमोजिम शुल्क लिई अनुमति दिनु पर्नेछ" भन्ने व्यबस्था रहेको छ ।

विज्ञापन बोर्डले बाह्य विज्ञापन सम्बन्धी मापदण्ड, २०८१ बोर्डको मिति २०८१/०२/३१ गते स्वीकृत गरिसकेको र मापदण्डमा बाह्य विज्ञापनको अनुमति, शुल्क निर्धारण सम्बन्धी विधि र प्रक्रिया समेत उल्लेख भएको छ ।

संघ-प्रदेश-स्थानीय तह समन्वय तथा अन्तरसम्बन्ध ऐन, २०७७ को दफा (४) ३ मा स्थानीय तहले आफ्नो एकल वा साझा अधिकारका विषयमा कानून वा नीति बनाउँदा संघीय र प्रदेश कानूनसँग नबाझिने गरी बनाउनुपर्ने व्यबस्था समेत रहेकोले उपरोक्त कानूनी व्यबस्थाहरु विपरित स्थानीय तहहरुले अनुमति प्रदान नगरी होर्डिङ्ग बोर्ड राख्न दिने, कानूनले विज्ञापन गर्न निषेध गरेका विषयमा समेत विज्ञापन गर्न दिने वा थप शुल्क निर्धारण गर्ने, अनुमति बिना बोर्ड राख्ने तथा अनुमति प्रदान नगरेका बोर्डहरुको समेत ठेकेदारमार्फत राजश्व संकलन गर्ने जस्ता कार्यहरु भए/गरेको पाईएकोले माथि उल्लिखित एवं अन्य प्रचलित कानूनको परिपालना साथै होर्डिङ्ग बोर्ड घना वस्ती, मानिसको बढी आवातजावत हुने स्थान तथा सडक किनारामा राखिने हुँदा असुरक्षित तवरले राखिएमा स्थानीय सौन्दर्यतामा प्रभाव पर्ने तथा दुर्घटना हुन गई जीउ धन समेतको क्षती हुने भएकोले सम्बन्धित स्थानीय तहबाट अनुमति लिएर मात्र होर्डिङ बोर्ड राख्ने व्यबस्थाको प्रभावकारी कार्यान्वयन गर्नु/गराउनुहुन सम्बन्धित सबैमा अनुरोध छ ।

२०८१/४/१२